# आर्थिक वर्ष २०७५/७६

# को

# बजेट वक्तव्य

***सुशासन, सामाजिक र आर्थिक समृद्धि तथा जनसहभागिता सहितको दिगो विकास***
***शिक्षा, स्वास्थ्य, व्यवसायिक कृषि र पर्यटकिय पूर्वाधार नगरपालिकाको निकास।***

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोरखा नगरपालिका – ८ डुम्रीडाँडा, गोरखा,  गण्डकी प्रदेश, नेपाल
**२०७५**

http:www.gorkhamun.gov.np

**नगर सभाका अध्यक्ष ज्यू,**

**नगर सभाका सदस्य ज्यूहरू**

१ गोरखा नगरपालिकाको नगर उपप्रमुखको हैसियतले यस सम्मानित सभासमक्ष आगामी आर्थिक वर्ष २०७५/७६ को बजेट प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित भएको छु ।

२ यस महत्वपूर्ण अवसरमा राजनीतिक परिवर्तनको लागि जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरू प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । त्यसै गरी राष्ट्रियता, स्वाधिनता, लोकतन्त्र, सामाजिक न्याय, समानता र समृद्धिको लागि सङ्घर्ष गर्नु हुने महान् नेपाली नागरिक र त्यसको सबल एवम् सक्षम नेतृत्व गर्नु हुने नेपाली राजनीतिका शिखर व्यक्तित्वहरूप्रति हार्दिक सम्मान प्रकट गर्न चाहन्छु ।

३ लामो समयपछि नेपाली जनताको चाहना अनुरूप संघीय स्वरूपको समावेशी जनप्रतिनिधिमूलक राज्य प्रणालीको स्थापना भएको छ । तीनै तहको निर्वाचनबाट लोकतान्त्रिक शासन प्रणाली संस्थागत भएको छ । यो मौलिक स्वरूपको राजनीतिक प्रणालीको स्थापना सँगै नगरपालिकाको सम्पूर्ण स्रोत र सामर्थ्यको सदुपयोग गरी विकास र समृद्धिको यात्रामा अविचलित रूपमा अघि बढ्न ठूलो प्रेरणा मिलेको छ ।

४ आगामी वर्षको बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान, यसै सभामा मिति २०७५ असार १० मा पेश गरी पारित भएको नगरपालिकाको नीति तथा कार्यक्रम, संघीय र प्रादेशिक सरकारका विनियोजन विधेयक २०७५ ले लिएका सिद्धान्त र प्राथमिकता, नेपाल सरकारको नीति तथा कार्यक्रम, चालु आवधिक योजना, दिगो विकासको लक्ष्य र विभिन्न क्षेत्रका महानुभावहरूले दिनु भएको सुझाव र सल्लाह, नगर सभाका सदस्यहरूले दिनु भएको सुझाव र सल्लाह तथा विभिन्न संघसस्था र नगर तथा अन्यत्र बसोबास गर्ने दाजु भाइ तथा दिदी बहिनीहरूबाट प्राप्त रचनात्मक सुझावहरूलाई समेत ध्यान दिएको छु ।

५ गोरखा नगरपालिका ***सेवा प्रवाहमा सुशासन, जनसहभागिताका माध्यमबाट आर्थिक समृद्धि, शिक्षा, स्वास्थ्य, व्यावसायिक कृषि, पर्यटन र पूर्वाधारका क्षेत्रमा दिगो विकासका दीर्घकालीन दृष्टिकोण*** अनुरुप आर्थिक सामाजिक विकासको मौलिक ढाँचामा अघि बढिरहेको छ । सबै नगरवासीलाई मर्यादित काम, न्यूनतम खाद्य सुरक्षा, गुणस्तरीय आधारभूत शिक्षाको सुनिश्चितता, आधारभूत स्वास्थ्यमा पहुँच, घरघरमा स्वच्छ खानेपानी र सुरक्षित आवासजस्ता अत्यावश्यक आवश्यकताहरूको परिपूर्ति नै यो बजेटको मूलभूत मान्यता र उद्देश्यहरू हुन् ।

६ नगरको आर्थिक विकासको स्तर र विकासकालागि कानून तर्जुमा, भौतिक संरचनाको निर्माण र व्यवस्थापन, आन्तरिक श्रोतको परिचालन, उत्पादन र उत्पादकत्व वृद्धि, योजनाको प्राथमिकीकरण र कार्यान्वयन, सार्वजनिक निर्माणमा गुणस्तरियता र सुशासन प्रवर्धन, सीपयुक्त दक्ष जनशक्तिको अभाव हाम्रा प्रमुख चुनौतिहरू हुन ।

अध्यक्ष ज्यू, सभाका सदस्य ज्यूहरू

७ अव म नगरको आर्थिक स्थितिको बारेमा संक्षिप्त जानकारी गराउन चाहन्छु ।

८ नगरपालिकामा लामो समयपछि जनप्रतिनिधिहरूले नेतृत्व सुरू गरेको जम्मा एक बर्ष पूरा भएको छ । नेपालको संविधान जारी भएपछि स्थापना भएको स्थानीय तहले संविधान बमोजिम प्राप्त गरेका अधिकारहरू कार्यान्वयनको लागि विभिन्न कानूनहरूको निर्माणमा समय खर्चनु परेको छ । यस अवस्थामा विकास निर्माण र सामाजिक सेवाहरूको सुदृढिकरणमा भन्दापनि अत्यावश्यक कानूनहरूको निर्माणमा ध्यान केन्द्रित गर्न परेको छ ।

९ चालु आर्थिक वर्षको राजस्व परिचालन लक्ष्यको हाराहारीमा रही रु २ करोड २५ लाख ६७ हजार ८ सय ९५ पुगेको छ । मालपोत रजिष्ट्रेशन, रोयल्टी बाडफाडको रकम प्राप्त भएपश्चात प्रक्षेपित लक्ष्य अनुरुप राजस्व लक्ष्य हासिल हुने देखिन्छ ।

उक्त राजस्व र अनुदान तथा अन्य आय रु ६२ करोड ५२ लाख ६४ हजार ३ सय ७२ गरी कूल ६४ करोड ७८ लाख ३२ हजार २ सय ६७ रूपैया बजेट प्राप्त भएको छ। चालु आर्थिक वर्ष २०७४/७५ मा हालसम्मको खर्चको अवस्था रु ६२ करोड ५२ लाख ६४ हजार ३ सय ७२ रहेको छ। जसमा चालु तर्फ ३४ करोड २७ लाख २६ हजार ७ सय ९३ रूपैया तथा पुजीगत तर्फ रु २१ करोड ४७ लाख ५६ हजार ३४ रूपैया मात्र खर्च भएको छ।

१० न्युन आर्थिक श्रोत, जनशक्तिको अभाव, अपर्याप्त कानूनी व्यवस्था, खण्डीकृत र क्षेत्रगत तथ्याङ्कको अभाव, कम लागतका धैरे योजनाहरू रहनुजस्ता प्रतिकूलताका वावजुद पनि समग्रमा अघिल्लो बर्षको बजेट कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको छ। अधिकांश आयोजनाहरू सम्पन्न भएका छन्।

**अध्यक्ष ज्यू**

**सभाका सदस्य ज्यूहरू**

११ अव म आगामी आर्थिक वर्ष २०७५/७६ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु। बजेटका उद्देश्यहरू निम्नानुसार प्रस्तुत गरेको छु।

- क नागरिकका मौलिक हकको रूपमा रहेका जीवनयापनका न्युनतम आधारभूत आवश्यकताहरू शीघ्र परिपूर्ति गर्दै चरम गरिबी, विपन्नता र पछौटेपनको अन्य गर्ने,
- ख साधन स्रोत, अवसर र क्षमताको विकास र उच्चतम उपयोग गरी द्रुत आर्थिक तथा मानवीय विकास गर्ने,
- ग आर्थिक, भौतिक तथा सामाजिक पूर्वाधार विकास गरी समुन्नत सुदृढ र स्वाधीन अर्थतन्त्र निर्माण हुने
- घ शिक्षा, स्वास्थ्य, पर्यटन र कृषिका माध्यमबाट समुन्नत नगरको निर्माण गर्ने

१२ आर्थिक वर्ष २०७५/७६ को बजेटका प्राथमिकताहरू निम्नानुसार प्रस्तुत गरेको छु।

- भौतिक पूर्वाधार,
- पर्यटन पूर्वधारको विकास र प्रवर्धन.
- शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाइ क्षेत्रको सुधार,
- कृषि क्षेत्रको आधुनिकीकरण, व्यावसायीकरण, यन्त्रीकिकरण र आधुनिक प्रविधिको उपयोग गरी कृषि उद्यमशिलताको विकास।

१३ नगरपालिकाले प्रस्तुत बजेटका उद्देश्यहरू हासिल गर्न तथा प्राथमिकता कार्यान्वयन गर्न संघीय र प्रादेशिक सरकारसँग समन्वय र साझेदारी गर्ने छ। उपलब्ध पूँजी, सीप र क्षमताको प्रभावकारी उपयोग गर्न सहकारी र नीजि क्षेत्रसगँ सहकार्य गरिने छ।

१४ नगरपालिकाका सबै वडाहरूको समानुपातिक विकासका लागि प्रत्येक वडामा वडास्तरीय आर्थिक सामाजिक र पूर्वाधार लगायतका क्षेत्रहरूको विकासका लागि प्रति वडा न्युनतम १ करोड हुने गरी वडागत योजनालाई उच्च प्राथमिकता दिइएको छ। जसबाट नगरका सबै वडाहरू सम विकासको स्तरमा पुग्ने अपेक्षा गरेको छु।

१५ अव म क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्न चाहन्छु।

**वडा विकास कार्यक्रम र विनियोजन**

१६ सबै वडाहरूमा वडाको गौरव योजना अन्तरगत कम्तिमा रु ३० लाख हुने गरी बजेट विनियोजन गरेको छु। वडा नं. १ को अकबरे धाप समीडाडा भाती गौडा सडक, वडा नं. २ को थर्पु, गाईखुर, कुवा पानी कोखे आहाले शिखर मोटर बाटोको स्तरोन्नति, वडा नं. ३ को वेलश्वारा आपचौर रजेटार पाले चौतारा नँया साँघु जिप हुदै पोहोटारी चौतारासम्म ग्रावेल नाला

तथा नया ट्रयाक, वडा नं. ४ को गह्रापानी बानिया गाँउ पुतली बगैचा राटमाटे बज्र भैरब अवलटारी ढुङ्गागाढे सडक सुधार, वडा नं. ५ को बान्द्रे अमालापानी सडक स्तरवृद्धि, वडा नं. ६ को महेन्द्रज्योति गेटदेखि दुरसंचार कार्यालयसम्म पिच, वडा नं. ७ को गोरखा क्याम्पस मान्द्रेढुङ्गा छेपेटार जाने सडकमा नाला तथा ग्राभेल, वडा नं. ८ को भुवानी खोला खानेपानी योजना, वडा नं. ९ को लक्ष्मीबजार शिव मन्दिर हुँदै शिखर डाँडासम्म पक्की सडक निर्माण, वडा नं. १० को मिलचोक सानो बगैचा तारा मावि पक्की सडक, वडा नं. ११ को वरथोक वडहरे वर भन्ज्याङ सडक स्तरवृद्धि, वडा नं. १२ को धारापानी लिफ्ट खानेपानी योजना, वडा नं. १३ को मझुवाफेदी देखि गोनपा १४ वडा कार्यालयसम्म मोटरबाटो र वडा नं. १४ मा खहरे पौदी गोप्पलिङ्ग अकला मन्दिर बाटो निर्माण योजनाहरूलाई वडाका गौरव योजनाको रूपमा सञ्चालन गर्ने व्यवस्था मिलाएको छु। सबै वडाहरूमा विनियोजित रकमबाट देहाय अनुसार क्षेत्रगत विनियोजन गरेको छु।

- वडा नं. १ मा पूर्वाधार विकासमा ७६ लाख ६० हजार, वातावरण तथा विपद व्यवस्थापनमा ४ लाख, सुशासनमा ६ लाख ५०हजार, सामाजिक विकासमा १२ लाख ९० हजार र आर्थिक विकासमा ४ लाख विनियोजन गरिएको छ।
- वडा नं. २ मा पूर्वाधार विकासमा ६३ लाख १० हजार, वातावरण तथा विपद व्यवस्थापनमा ६ लाख, सुशासनमा २ लाख ४५ हजार, सामाजिक विकासमा १९ लाख ४५ हजार र आर्थिक विकासमा ९ लाख विनियोजन गरिएको छ।
- वडा नं. ३ मा पूर्वाधार विकासमा ७४ लाख, वातावरण तथा विपद व्यवस्थापनमा ३ लाख, सुशासनमा ३ लाख, सामाजिक विकासमा १५ लाख र आर्थिक विकासमा ५ लाख विनियोजन गरिएको छ।
- वडा नं. ४ मा पूर्वाधार विकासमा ५९ लाख, वातावरण तथा विपद व्यवस्थापनमा ६ लाख, सुशासनमा १३ लाख, सामाजिक विकासमा १३ लाख र आर्थिक विकासमा ९ लाख विनियोजन गरिएको छ।
- वडा नं. ५ मा पूर्वाधार विकासमा ६३ लाख, वातावरण तथा विपद व्यवस्थापनमा ३ लाख १० हजार, सुशासनमा ८ लाख ४० हजार, सामाजिक विकासमा १५ लाख ५० हजार र आर्थिक विकासमा १ लाख ५० हजार विनियोजन गरिएको छ
- वडा नं. ६ मा पूर्वाधार विकासमा ८७ लाख ५० हजार, वातावरण तथा विपद व्यवस्थापनमा ४ लाख, सुशासनमा ५ लाख, सामाजिक विकासमा २ लाख र आर्थिक विकासमा १ लाख ५० हजार विनियोजन गरिएको छ
- वडा नं. ७ मा पूर्वाधार विकासमा ७७ लाख, वातावरण तथा विपद व्यवस्थापनमा २ लाख, सुशासनमा ८ लाख, सामाजिक विकासमा १३ लाख विनियोजन गरिएको छ।
- वडा नं. ८ मा पूर्वाधार विकासमा २० लाख, वातावरण तथा विपद व्यवस्थापनमा १० लाख, सुशासनमा १३ लाख, सामाजिक विकासमा ६२ लाख र आर्थिक विकासमा ४ लाख विनियोजन गरिएको छ।
- वडा नं. ९ मा पूर्वाधार विकासमा ६० लाख ५० हजार, वातावरण तथा विपद व्यवस्थापनमा ४ लाख ५० हजार, सुशासनमा १२ लाख ५० हजार, सामाजिक विकासमा १५ लाख र आर्थिक विकासमा ७ लाख ५० हजार विनियोजन गरिएको छ।
- वडा नं. १० मा पूर्वाधार विकासमा ७६ लाख ५० हजार वातावरण तथा विपद व्यवस्थापनमा ३ लाख सुशासनमा ३ लाख सामाजिक विकासमा ९ लाख पचास हजार र आर्थिक विकासमा ८ लाख विनियोजन गरिएको छ।
- वडा नं. ११ मा पूर्वाधार विकासमा ७६ लाख, वातावरण तथा विपद व्यवस्थापनमा ५ लाख, सुशासनमा ७ लाख, सामाजिक विकासमा ४ लाख र आर्थिक विकासमा ८ लाख विनियोजन गरिएको छ।

- वडा नं. १२ मा पूर्वाधार विकासमा ७६ लाख, वातावरण तथा विपद व्यवस्थापनमा २ लाख, सुशासनमा ३ लाख, सामाजिक विकासमा १७ लाख र आर्थिक विकासमा २ लाख विनियोजन गरिएको छ।
- वडा नं. १३ मा पूर्वाधार विकासमा ६४ लाख, वातावरण तथा विपद व्यवस्थापनमा ३ लाख, सुशासनमा ११ लाख सामाजिक विकासमा १६ लाख र आर्थिक विकासमा ६ लाख विनियोजन गरिएको छ।
- वडा नं. १४ मा पूर्वाधार विकासमा ५४ लाख ५० हजार, वातावरण तथा विपद व्यवस्थापनमा ३ लाख, सुशासनमा २ लाख ५० हजार, सामाजिक विकासमा २९ लाख र आर्थिक विकासमा ११ लाख विनियोजन गरिएको छ।

१७ यसरी सबै वडाहरूलाई विनियोजन गरेको रू १४ करोड मध्ये पूर्वाधारमा ९ करोड २३ लाख ७० हजार, वातावरण तथा विपद व्यवस्थापनमा ४९ लाख ६० हजार , सुशासनमा ९८ लाख ३५ हजार, सामाजिक विकासमा २ करोड ४३ लाख ३५ हजार र आर्थिक विकासमा ८५ लाख विनियोजन गरिएको छ।

१८ वडागत योजना मध्ये सबै वडाहरूमा वडाका गौरवका आयोजना सञ्चालनका लागि वडागत योजनामा कम्तिमा ३० लाख विनियोजन गरिएको छ।

१९ संघीय सरकारबाट कार्यक्रम र श्रोतसहित प्राप्त हुने सशर्त अनुदान रु २७ करोड ५२ लाखलाई सम्बन्धित कार्यक्रममा समावेश गरी सञ्चालन गर्ने व्यवस्था मिलाएको छु। जस अनुसार शिक्षामा २० करोड ८७ लाख १० हजार, नविकरणीय उर्जामा २६ लाख ४८ हजार, कृषि तथा पशुमा २३ लाख ४८ हजार , स्वास्थ्यमा ५ करोड ८२ लाख ४९ हजार, युवा तथा खेलकुद ८ लाख ८२ हजार, पुरातत्व सरक्षणमा ५ लाख, वातावरण तथा सरसफाइमा २ लाख २७ हजार, वन व्यवस्थापनमा ३ लाख, आयुर्वेद स्वास्थ्य तर्फ रु ६ लाख ९७ हजार र महिला बालबालिका तथा जेष्ठ नागरिकको लागि रु १५ लाख १ हजार विनियोजन गरिएको छ।

**सामाजिक विकास**

**स्वास्थ्य**

२० ***स्वच्छ समाज स्थापना गर्न स्वस्थ बनौं, सफा रहौं, स्वास्थ्य क्षेत्रमा आमुल सुधार गरौं*** भन्ने अभियान संञ्चालन गरी आम नागरिकहरूको सहभागितामा गाउँ सफा र नगर सफाको कार्यक्रम सञ्चालन गरिने छ। स्वास्थ्य अन्तरगत आधारभूत स्वास्थ्य सेवा कार्यक्रम, पूर्ण खोप कार्यक्रम, सुरक्षित मातृत्व कार्यक्रम, विशेषज्ञ स्वास्थ्य शिविर, निशुल्क औषधि कार्यक्रम, स्वास्थ्य केन्द्रहरूको सुधार कार्यक्रम, आयुर्वेद स्वास्थ्य कार्यक्रम, योग तथा ध्यान शिविर, जनचेतनामूलक कार्यक्रमहरूका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

२१ बाल पोषणमा सुधारका लागि नमूनाको रूपमा पोषिलो झोला कार्यक्रमका लागि रु ५ लाख विनियोजन गरिएको छ। सरकारी स्वास्थ्य सस्थामा जन्मेका नवजात शिशुहरुको सुरक्षाका लागि न्यानो झोला वितरण कार्यक्रमको व्यवस्थापन गरिएको छ।

२२ आधारभूत स्वास्थ्य सेवालाई सर्वसुलभ, भरपर्दो र गुणस्तरीय तुल्याइने छ। आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्न स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी बनाउन संघीय सरकारसँग समन्वय गरिनेछ।

२३ स्वास्थ्य सेवामा सबै नागरिकहरूको समान पहुँच पुऱ्याउन सबै वडाहरूमा न्युनतम एक शहरी स्वास्थ्य केन्द्रको स्थापना गरिने छ। रक्त सञ्चार सञ्चालन कोषको लागि रु ३ लाख विनियोजन गरेको छु।

२४ उपरोक्त नीतिहरूको कार्यान्वयनको लागि स्वास्थ्य क्षेत्रमा रू ९० लाख विनियोजन गरेको छु।

**शिक्षा**

२५ ***"दक्ष जनशक्ति, गुणस्तरिय शिक्षा, आत्मनिर्भर एवं समृद्ध नगर हाम्रो अपेक्षा"*** भन्ने मूल दृष्टिकोणका साथ शैक्षिक क्षेत्रका योजनाहरू सञ्चालन हुनेछन् ।

२६ सबै बालबालिकाहरूलाई आधारभूत र माध्यमिक शिक्षामा पहुच सुनिश्चित गर्न विद्यालय भर्ना अभियानलाई अघि बढाई आगामी वर्ष नै विद्यालय उमेर समूहका सबै बालबालिकाहरूलाई विद्यालयमा भर्ना गराई आधारभूत शिक्षा सुनिश्चित भएको नगरपालिका घोषणा गरिने छ । सबै सामुदायिक विद्यालयमा रहेका बालबिकास केन्द्रका बालबालिकालाई तोकिएको मिति देखि दिवा खाजा उपलब्ध गराइने छ। बालविकास केन्द्रको व्यवस्थापनमा सुधार गर्दै प्रस्तावका आधारमा केही बाललिकास केन्द्रहरूमा सूचना प्रविधिमा आधारित भइ सिकाइ क्रियाकलाप सञ्चालन गरिने छ ।

२७ विकट ग्रामीण क्षेत्रमा विद्यालय समायोजनका कारण पहुच विमूखमा परेका बालबालिकालाई र अति विपन्न अवस्थामा रहेका बालबालिकाहरूलाई आधारभूत तहसम्मको शिक्षा आवासीय सुविधामा उपलब्ध गराउन सम्भाव्यताको आधारमा विद्यालय पहिचान गरिने छ ।

२८ बहुप्राविधिक शिक्षालयको स्थापनाको सम्भाव्यता अध्ययन, दरबन्दी र विद्यालय मिलान, सामुदायिक माध्यमिक विद्यालयहरूलाई प्राविधिक तथा व्यावसायिक धारमा माध्यमिक कक्षा सञ्चालनको लागि प्रोत्साहन, शिक्षण सिकाइमा सूचना प्रवधिको अधिकतम प्रयोग, माध्यमिक विद्यालयहरूमा इन्टरनेट सेवा उपलब्ध गराउन कार्यक्रम, छानिएका माध्यमिक विद्यालयहरूमा न्युनतम एउटा कक्षालाई सूचना प्रविधिमार्फत शिक्षण सुरुवात गरिने छ ।

२९ सस्थागत विद्यालयहरूको प्रभावकारी नियमन, शिक्षा क्षेत्रमा भइरहेका व्यावसायीकरणलाई न्युनिकरण, शुल्क निर्धारण समितिका माध्यमबाट विद्यालयले लिने शुल्कलाई व्यवस्थित र पारदर्शी बनाउदै अनियमित ढङ्गबाट लिइने शुल्कलाई नियन्त्रण गरिने छ ।

३० कानून वमोजिमको छात्रवृत्ति लक्षित समूहलाई उपलब्ध हुने व्यवस्था मिलाइने छ । सामुदायिक र सस्थागत विद्यालय बीचको शैक्षिक विषमता घटाउन र सार्वजनिक शिक्षाको गुणस्तर उकास्न सामुदायिक विद्यालयहरूमा पूर्वाधारको विकास, शिक्षण सिकाइमा नवीन प्रविधिको प्रयोग तथा शैक्षिक प्रविधिहरूको अत्याधिक उपयोगमा जोड दिइने छ । सम्बन्धित वडासगको सहकार्यमा एक वडा एक नमूना विद्यालयको पहिचान र विकास गरिने छ ।

३१ दलित, सीमान्तकृत, अल्पसङ्ख्यक, जनजाती र सबै समुदायका गरीब र जेहन्दार विद्यार्थीहरूलाई नगर प्रमुख छात्रवृत्ति कार्यक्रम सञ्चालन गरिने छ । विभिन्न विधामा नगर भित्रका बालबालिकाहरूमा भएका वहु प्रतिभा पहिचानका लागि नगर स्तरीय प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गरिने छ ।

३२ सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई नन क्रेडिट विषयको रूपमा व्यावसायिक सीप विकास कार्यक्रमको सञ्चालन सम्भाव्यता अध्ययन गरिने छ ।

३३ कक्षा ५ र कक्षा ८ को परीक्षालाई थप सुदृढ बनाइने छ । विद्यालयबाट सञ्चालन हुने विभिन्न कक्षाका आवधिक परीक्षाको लागि परीक्षा सञ्चालन अनुदानको व्यवस्था गरेको छु । विद्यालयमा खानेपानी कक्षाकोठामा पङ्खा र अन्य यस्तै न्युनतम सेवा प्रबन्ध गराउनका लागि विद्यालयलाई अनुदानको व्यवस्था गरेको छु । कक्षा ५, कक्षा ८, र कक्षा १० को परीक्षाको परीक्षाफलको आधारमा नगर प्रमुख उत्कृष्ट शिक्षक र विद्यालय सम्मान कार्यक्रम र विद्यालयलाई प्रोत्साहन अनुदानको व्यवस्था गरेको छु ।

३४ विद्यालयलाई सुरक्षित स्थल बनाउन सबै विद्यालयहरूमा प्राथमिक उपचार सेवाको पहुच पुऱ्याइ प्राथामिक उपचार सेवा उपलब्ध गराइने छ। विद्यालयमा आधारित स्वास्थ्य तथा सरसफाइ जनचेतनामूलक कार्यक्रमहरू सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ।

३५ विद्यालय र अन्य शैक्षिक सस्थाहरूको सामाजिक परीक्षणलाई थप प्रभावकारी बनाइने छ। नगरपालिकामार्फत केही विद्यालयहरूको Financial tracking र विद्यालयको कार्यसम्पादन परीक्षण गरिने छ। चालु आर्थिक वर्षमा सबै विद्यालयको स्वमुल्याङ्कन गराइने छ। पहिचान गरिएको अवस्थाको विश्लेषण गरी सबै विद्यालयहरूले विद्यालय सुधार योजना निर्माण गर्नु पर्ने व्यवस्था गरिने छ। विद्यालयमा सञ्चालन गरिने विकास योजनालाई विद्यालय सुधार योजनामा आधारित बनाइने छ।

३६ समाजमा पठन संस्कृतिको विकासका तथा पुस्तकालयहरूको सुदृढिकरण कार्यक्रम सञ्चालन गरिने छ। आगामी आर्थिक वर्षकोलागि याङ्कोट पुस्तकालयको व्यवस्थापनको लागि रू ५ लाख विनियोजन गरिएको छ।

३७ विद्यालय शिक्षा क्षेत्रमा रु ९० लाख विनियोजन गरेको छु।

३८ गुरूकूल विद्यालयको भवन निर्माणको लागि रु १५ लाख विनियोजन गरेको छु। गोरखा क्याम्पसको शैक्षिक विकास कार्यक्रमको लागि रु २० लाख विनियोजन गरिएको छ।

**रोजगारी र युवा तथा खेलकुद**

३९ नगरभित्र थप रोजगारी सिर्जना गरी क्रमश नगरवासीलाई वैदेशिक रोजगारीमा जान नपर्ने अवस्था बनाउन युवाहरूलाई स्वरोजगार र उद्यम विकास कार्यक्रम सुरू गरिने छ। व्यावसायिक कृषि, साना सिचाइ, खानेपानी, पर्यटन, यातायात पुर्वाधार र सार्वजनिक निर्माणका अन्यक्षेत्रलाई यस कार्यक्रममा आवद्ध गरिने छ।

४० युवा लक्षित सीपमूलक उद्यमशिलता र स्वरोजगार प्रवर्धन कार्यक्रम सञ्चालन गरिने छ। युवा स्वरोजगार कार्यक्रम, बेरोजगार जनशक्तिको अभिलेख र रोजगारीका अवसरको सूचना आदान प्रदान गर्न सूचना केन्द्रको स्थापना गरिने छ। श्रमबजारमा माग अनुरूपको सीपयुक्त जनशक्ति आपूर्ति गर्न संघ प्रदेश र नीजि तथा सहकारी क्षेत्र समेतको सहकार्यमा छोटो अवधिका तालिम सञ्चालन गर्ने व्यवस्था मिलाइको छ।

४१ सहकारी, नीजि क्षेत्र तथा गैरसरकारी संघ संस्थाहरूको साझेदारी र सहकार्यमा रोजगारमूलक व्यावसायिक तालिम र प्राविधिक शिक्षाको प्रोत्साहन गरिने छ। घरेलु तथा साना उद्योगजस्ता लघु उद्यममार्फत स्वरोजगारीको श्रृजनाका लागि सहकारी र निजी क्षेत्रको प्रवर्धन गरिने छ।

४२ **एक वडा एक खेल मैदान** निर्माणका लागि स्थान पहिचान र विकास कार्यको सुरुवात गरिने छ। नगरमा निर्मित रंगशालालाई थप व्यवस्थित गरिने छ। इन्डोर खेलहरूका लागि सेमी कबर्ड हलको निर्माण गरी एकिकृत खेल अभ्यासको वाताबरण बनाउन पहल गरिने छ। दक्ष एवम् अनुशासित खेलाडी विकासका लागि नियमित खेलकुद अभ्यासको वातावरण बनाइने छ। दलभन्ज्याङ्ग ओसन क्लवमा खेलकुद तालिम केन्द्र सञ्चालनको लागि रु ५ लाख विनियोजन गरको छु।

४३ राष्ट्रिय स्तरको खेल मैदानको रूपमा विकास गर्दै जाने उद्देश्यले छेपेटार खेल मैदानको लागि रु २५ लाख विनियोजन गरिएको छ। नगरस्तरीय खेलकुद कार्यक्रम सञ्चालनको लागि रू २० लाख विनियोजन गरेको छु।

**महिला बालबालिका तथा ज्येष्ठ नागरिक र सामाजिक सेवा**

४४ **"नगरको इच्छा, छोरीलाई शिक्षा"** भन्ने मान्यताकासाथ छात्रा शिक्षालाई प्रभाकारी बनाइने छ। विद्यालयको सबै तहमा छात्रा भर्नादर समदरमा पुऱ्याइने छ। गाउँ टोलमा क्रियासिल महिला सहकारी तथा समूहहरूको क्षमता विकास गरी महिलाहरूको आय आर्जनमा जीवनस्तर सुधार गर्न पहल गरिने छ।

४५ उपप्रमुख महिला उत्थान कार्यक्रम सुरुवात गरिने छ। विपन्न र पिछडिएका महिलालाई सीप र उद्यमशीलता विकास मार्फत काम र रोजगारीका अवसरमा पहुच पुऱ्याई स्वआर्जनमार्फत आत्मनिर्भर बनाउन आवश्यक रकम विनियोजन गरेको छु।

४६ अपाङ्गता भएका व्यक्तिहरूको मनोवल, मर्यादा, सीप र क्षमता विकासको लागि पुनर्स्थापनाका कार्यक्रमहरू सञ्चालन गरिने छ। बेवारिसे, जोखिमपूर्ण र अव्यवस्थित रूपमा सडकमा जीवन बिताइ रहेका असहाय बालबालिका र अन्य नागरिकहरूलाई समेत उद्दार र पुनर्स्थापना संघीय सरकार र गैरसरकारी सस्थासँगको सहकार्यमा गरिने छ।

४७ बेसाहारा अवस्थाका व्यक्तिहरूको सुरक्षा र हेरचाह गर्ने सस्थाहरूलाई निश्चित कार्यविधिका आधारमा अनुदान प्रदान गरिने छ। सबै वडाहरूमा ज्येष्ठ नागरिक विश्राम स्थल स्थापनालाई उच्च प्राथमिकता दिइने छ।

४८ दलित समुदायको सामाजिक एकिकरणको लागि पहल गरिने छ। कला कौशलको धनी दलित समुदायको परम्परागत सीपलाई आधुनिकीकरण गर्दै उद्योगको रूपमा बिकास गर्न सहयोग गरिने छ। दलित समुदायका उद्यमी र व्यावसायिक युवाहरूलाई तथा रोजगारमूलक तथा व्यावसायिक तालिमको प्रबन्ध गरिएको छ।

४९ आधारभूत तहमा अध्ययन गर्ने ५-१२ उमेर समूहका बालबालिकालाई विद्यालय नपठाउने बाबु आमा, घर परिवार तथा श्रम शोषण गर्ने उद्योगी व्यापारी तथा व्यावसायीलगायतका व्यक्तिहरूलाई कानून बमोजिम कारवाही गरिने छ। आगामी आर्थिक वर्ष भित्र **आधारभूत शिक्षा सबै बालबालिकालाई सुनिश्चित भएको नगरपालिका** घोषणा गरिने छ।

५० नगरभित्र बसोबास भएका आदिवासी जनजातीहरूको भाषा संस्कृति र भेषभूषाको सरक्षण र सम्बर्धन कार्यक्रम सञ्चालन गरिने छ। आदिवासी जनजातीहरूको नमुना बस्ती विकास, भाषा लिपी, भेषभुषा संरक्षण गर्नका लागि आदिवासी जनजातीहरूसग सहकार्य गरिने छ। आदिवासी जनजाति, मुश्लिम र अल्पसंख्यकहरूको जीवनस्तर उकास्न स्वरोजगार तथ उद्यमशिलता प्रवर्धन कार्यक्रम संचालन गरिनेछ। विभिन्न धर्मको सरक्षणको लागि गुम्वा निर्माणको लागि रु १५ लाख, चर्चहरूको मर्मतको लागि रु १५ लाख र मस्जिद तथा मर्दशाका लागि रु १५ लाख विनियोजन गरेको छु। यसै गरी ओम शान्तिको लागि रु ५ लाख र सिद्धाश्रम शक्ति केन्द्रका लागि रु ७ लाख विनियोजन गरेको छु।

५१ महिला बालबालिका तथा ज्येष्ठ नागरिक र सामाजिक सेवा लगायत युवा सीप विकास र स्वरोजगार समेतका क्षेत्रमा रु १ करोड २० लाख विनियोजन गरेको छु।

**आर्थिक विकास**

**कृषि, पशु र सहकारी**

५२ कृषिलाई गरिबी निवारण, बेरोजगारीको अन्त्य र खाद्य सुरक्षाको आधारको रूपमा विकास गरिने छ। कृषि क्षेत्रको आधुनिकीकरण, व्यावसायीकरण र यन्त्रीकिकरणका माध्यमबाट आधुनिक प्रविधिको उपयोग गरी कृषि उद्यमशिलताको विकास गर्ने नीति लिइने छ। दीर्घकलीन कृषि योजना बनाई बार्षिक उत्पादन लक्ष्यसहित कृषि कार्यक्रम सञ्चालन गरिने छ। विभिन्न उपभोग्य बस्तुहरूमा नगरवासीहरूलाई आत्मनिर्भर बनाउनका लागि कृषि उत्पादन पकेट क्षेत्रहरू निर्धारण गरी आवश्यक पूर्वाधार विकास गरिने छ।

५३ **"आर्थिक समृद्धि, मूल आधार व्यवसायिक कृषि"** भन्ने मूल नाराका साथ नगरपालिका क्षेत्रको कृषि संभाव्यताको अध्ययन गरी कृषि उत्पादनमा व्यवसायीकरण, आधुनिकीकरण, यान्त्रिकरण तथा बजारीकरण विशेष जोड दिँदै सामुहिक खेती प्रणाली, सामुहिक पशुपालन गरी कृषि क्षेत्रलाई आत्मनिर्भर र मर्यादित बनाउने नीति अवलम्वन गरिने छ।

५४ **सबै जग्गामा सम्भाव्य खेती** भन्ने नाराकासाथ सबै जग्गामा खेती गर्न प्रोत्साहन गरिने छ। बाँझा खेतबारीहरूमा व्यावसायिक खेतीका लागि जग्गाधनी, कृषक र नगरपालिका बिचमा समन्वय गरी कृषि उद्यमका लागि तत्पर युवा तथा कृषक समूहलाई लामो अवधिको लागि करारमा जग्गा उपलब्ध गराइ व्यक्तिगत र सामुहिक करारमा समूह र सहकारी खेतीलाई प्रश्रय दिइने छ।

५५ कृषि व्यावसायलाई चाहिने मल बिउ बिषादी र औषधी तथा उपकरणहरू स्थानीय रूपमा रहेका कृषि सेवा केन्द्र र कृषि सहकारीहरूमार्फत उपलब्ध हुने व्यवस्था मिलाइने छ।

५६ मध्यमस्तरका जनशक्ति उत्पादनकालागि व्यावसायिक अध्ययनको लागि एउटा माध्यमिक विद्यालयलाई कृषि तथा पशु अध्ययन विषयमा प्राविधिक माध्यमिक शिक्षा (कक्षा ९-१२) सञ्चालन गर्न प्रोत्साहन गरिने छ।

५७ कृषि उपजहरूको बजारीकरण गर्न कृषि सडक, संकलन केन्द्रजस्ता पूर्वाधारहरूको निर्माण गरिने छ। प्रदेश सरकार र नीजि तथा सहकारी क्षेत्रसमेतको सहकार्यमा वडा नं. १२ मा शीत भण्डार (Cold Store) को निर्माण र सञ्चालनमा सहकार्य गरिने छ।

५८ कृषि तथा पशु व्यावसायीहरूको व्यावसायिक जोखिम वहनको लागि कृषि तथा पशु विमा कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ। पशु वधशाला निर्माणको लागि रु १० लाख विनियोजन गरेको छु।

५९ नगर भित्र सञ्चालित सबै सहकारीहरूको अभिलेख व्यवस्थित गरिने छ। सबै सहकारी संस्थाहरूको अवस्था विश्लेषण गरी संस्थागत विकास र व्यवसायिक विकासमा जोड दिइने छ।

६० कृषि, पशु र सहकारी क्षेत्रको विकासको लागि रु १ करोड ५ लाख विनियोजन गरेको छु।

**पर्यटन**

६१ **"सुन्दर र समृद्ध शहर, आम गोरखाबासीको रहर"** भन्ने मूल मन्त्रकासाथ पर्यटन प्रवर्धन गर्न सरोकारवालासँग समन्वय गरी पर्यटन गुरु योजना तयार गरिने छ। पर्यटनबाट रोजगारी र आय आर्जन बढाउन मनोरञ्जन, प्राकृतिक, पुरातात्विक, ऐतिहासिक. धार्मिक र साहसिक पर्यटनको पूर्वाधार निर्माण, बजार प्रवर्धन र सेवा सुविधाको विस्तार गरिने छ। गोरखा नगरपालिकामा आउने पर्यटकको व्यवस्थित अभिलेख राखी बसाइ लम्ब्याउन पहल गरिने छ।

६२ नगर विकास कोषसँगको साझेदारीमा गोरखनाथको अग्लो प्रतिमूर्ति, गोरखनाथ पार्क स्थापना गर्नका लागि रू १ करोड विनियोजन गरेको छु।

६३ शिखर बेसी ताल निर्माण कार्यलाई उच्च प्राथमिकतामा राखी प्रदेश केन्द्र र दातृ सस्था नगर विकास कोषसगँको साझेदारीमा कार्य आरम्भ गरिने छ।

६४ पर्यटन र होटल व्यावसायीहरूसँग सहकार्य गरी पर्यटन क्षेत्रको विकास गरिने छ।

६५ नगर क्षेत्रभित्रका विभिन्न जातजाती र भाषाभाषी झल्कने गरी ग्रामीण पर्यटन प्रर्वद्धनका लागि सम्भावित स्थानहरूमा घरबास (Home Stay)हरू सञ्चालन गर्न पहल गरिने छ। गोरखा आउने पर्यटकहरूको बसाइलाई थप मनोरञ्जक, सम्झनायोग्य बनाउन बसाइ लम्व्याउनको लागि केही नयाँ कार्यक्रमहरू प्रस्ताव गरेको छु।

६६ पर्यटन क्षेत्रको विकासको लागि उच्च प्राथमिकता दिइ स्टोन पार्क निर्माणका लागि १० लाख, ताप्लेकोट पर्यटन पुर्वाधारको लागि रू १० लाख, रोहटेपानी विपि पार्क सुधारको लागि रु ५ लाख, विन्ध्यावासिनी मन्दिरको लागि रु ७ लाख, गोरखा

गेट निर्माणका लागि रु ४० लाख, पश्चिमकाली मन्दिर पर्यटकीय पूर्वाधारका लागि रु १५ लाख, रानीवन पर्यटकिय क्षेत्र पुर्वाधार विकासको लागि १५ लाख, बुढीकोट पर्यटकीय पूर्वाधार विकासको लागि रु १० लाख विनियोजन गरेको छु। भिमसेन पार्कको प्रवर्धन गर्न २० लाख विनियोजन गरेको छु।

६७ शहरी विकास मन्त्रालयसगँको सहकार्यमा पश्चिमकाली देखि रानीवनसम्मको पर्यटकीय गुरूयोजना निर्माण गरी कार्य प्रारम्भ गरिने छ। यसै पदमार्ग भित्र पर्ने गरी भ्यूटावर निर्माण कार्यको सुरूवात यसै आर्थक वर्षमा थालनी गरिने छ।

६८ रानी पोखरीमा पानीको फोहरा राख्नको लागि रु ६ लाख विनियोजन गरेको छु।

६९ वसपार्कको ट्राफिक आइल्याण्डलाई पूर्णता दिन रु ६ लाख ५० हजार विनियोजन गरेको छु।

७० प्याराग्लाइडिङ र र्‍याफ्टिङ व्यावसाय प्रवर्धनका लागि रु १० लाख विनियोजन गरेको छु। कला साहित्य र संस्कृति प्रवर्धनको लागि रु १५ लाख विनियोजन गरिएको छ।

**उद्योग व्यापार र व्यावसाय**

७१ गण्डकी प्रदेशको प्रस्तावित औद्योगिक क्षेत्रको परिसीमालाई गोरखा नगरपालिकाको क्षेत्रमा समेत पर्ने गरी विस्तार गर्न आवश्यक पहल गरिने छ। त्यसै गरी नीजि क्षेत्रसँग साझेदारी गरी व्यापार व्यावसाय प्रवर्धन तथा उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।

७२ नगरभित्र स्थापना भइ सञ्चालनको लागि ठुला, मझौला र साना लगानी कर्ताहरूलाई प्रोत्साहित गर्ने नीति तर्जुमा गरिने छ। नगर अद्यौगिक क्षेत्रको स्थापनाको लागि सम्भावित स्थानको खोजी गरिने छ। एक वडा एक लघु उद्योग ग्राम तथा हाट बजार स्थापनाका लागि सम्भव वडाहरूमा स्थान छनौटको पहल गरिने छ।

७३ गरिबीको रेखामुनी रहेको पूर्ण बेरोजगारलाई तालिमको माध्यमबाट उद्यमशिलताको बिकास गराइ स्वरोजगार कार्यक्रम मार्फत उद्यमी बनाउने नीति लिइनेछ।

७४ उद्योग र व्यावसाय दर्ता गर्ने प्रक्रियालाई सरल गरिने छ। प्राथमिकता प्राप्त क्षेत्रका केही उद्योगहरूमा स्थानीय करहरूमा तोकिए बमोजिम छुट दिन अध्ययन गरिने छ।

७५ उपभोग्य वस्तुहरूको बिक्री बितरण कार्यको नियमित अनुगमन गरिने छ र अखाद्य तथा समय नाघेका खाद्य वस्तुको बिक्री वितरण कार्यलाई दण्डनीय बनाइने छ।

७६ व्यावसाय दर्ता देखि खारेजीसम्मका सबै प्रक्रियालाई पूर्वानुमान योग्य, सरल र पारदर्शी तथा सूचना प्रविधिमा आधारित बनाइने छ। गोरखालाई आन्तरिक लगानीको गन्तव्य बनाउन पहल गरिने छ। लगानी प्रवर्धनको लागि कानूनी र सस्थागत प्रक्रिया सरलीकरण गरिने छ।

७७ UNDP को साझेदारीमा वडा न २ मा स्वास्थ्य चौकी भवन, कोखे आहाले खानेपानी आयोजना, मरदशा भवन निर्माण, तथा वडा न २ र ४ मा दुई वटा साना सिचाइ आयोजना सञ्चालन गर्नको लागि रकम विनियोजन गरेको छु।

७८ विपि चोक देखि नयाँ वजार खोल्सीसम्म नाला र निर्माण र ढलान गरी पसल कवलहरुको निर्माणको लागि नगर विकास कोषसगँकव साझेदारीमा निर्माण कार्य अगाडि बढाउने व्यवस्था मिलाएको छु। यसबाट नगरपालिकाको आन्तरिक आय विस्तार भई थप आत्म निर्भर हुने अपेक्षा गरेको छु।

७९ उद्योग, व्यापार र व्यावसाय क्षेत्रमा युवा उद्यमी कोष तर्फ रु १० लाख, सीपमूलक तथा आय आर्जन कार्यक्रमको लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

## पूर्वाधार विकास

### आवास, भवन, शहरी पूर्वाधार र यातायात

८० नागरिकको मौलिक हकको रूपमा रहेको सुरक्षित आवास सुनिश्चित गर्न गोरखा भूकम्प २०७२ बाट प्रभावितहरूको निजी आवास आव २०७५/७६ भित्र पूरा गर्ने गरी कार्य गरिने छ।

८१ भौगोलिक रूपमा विकट, विपदको दृष्टिकोणले उच्च जोखिमयुक्त र पातला बस्तीहरूलाई एकीकृत पूर्वाधार गुरूयोजना तयार गरी वस्ती एकिकरण गर्न पहल गरिने छ।

८२ नगर सभाहल निर्माण कार्यलाई सम्पन्न गर्न रु २५ लाख विनियोजन गरी निरन्तरता दिएको छु।

८३ नगरपालिकामा बसोबास गर्ने आम नागरिकहरूलाई रणनैतिक महत्वको सडकले जोड्नका लागि गोरखामा पर्यटकीय, व्यापारिक र सुरक्षाका दृष्टिकोणले चक्रपथ पहिचान, निर्माण तथा स्नतरोन्नति कार्य सुरू गरिनेछ।

८४ नगर क्षेत्रका महत्वपूर्ण सडकको पहिचान गरी ती सडकहरूमा बाह्रै महिना सवारी साधन चल्ने सडकको रूपमा विकास गरिने छ। साँघुरा सडकहरूको बिस्तार गरी राष्ट्रिय मापदण्डमा कायम गरिने र क्रमश: कालो पत्रे गरिने छ। हरित र वाताबरण मैत्री सडक निर्माणलाई प्रोत्साहन गरिने छ।

८५ नगर क्षेत्रको व्यवस्थित विकासका लागि एकीकृत नगर विकास गुरुयोजनाको लागि बजेट विनियोजन गरेको छु।

८६ नगर यातायात सञ्चालन गरी नगरवासीलाई शहरी जीवनको अनुभूति दिन पहल गरिने छ। भूगोल सुहाउदो साना तथा ठ्ला सवारी साधनको माध्यमबाट शहरी आवागमनलाई सहज बनाइने छ। नगरभित्रका वस्ती र बासिन्दाहरूको आर्थिक सामाजिक सम्बन्ध समेतलाई अध्ययन गरी यातायात सञ्चालनको लागि आन्तरिक सबारी सञ्चालन अनुमति (Route Permit) दिने व्यवस्था मिलाएको छु।

८७ व्यवस्थित विद्युतीकरण हुन बाँकी क्षेत्रहरूमा बिद्युत सेवाको विस्तार गरिने छ। उपलब्ध विद्युत प्रसारणलाई थप व्यवस्थित गर्न काठे पोललाई विस्थापित गर्ने अभियानलाई रू २० लाख विनियोजन गरी निरन्तरता दिएको छु।

८८ नगर स्तरीय सडक निर्माण तथा स्तरोन्नतिलाई प्राथमिकता दिई आवश्यक स्रोतको व्यवस्था गरेको छु। १० किलो देउराली गाँउ सडकका लागि २५ लाख, विन्ध्यावासिनी डेरा गाँउ सडकका लागि ५० लाख, १४ न वडा कार्यालय सलाङ्गिरी सडक निर्माणका लागि १० लाख, १२ किमि पोल्ट्रिफर्म नया बस्ती सडक रु ५ लाख, द्रव्यशाह क्याम्पस सडक रु २० लाख, कट्टेलचोक आमडाडा सडक रू २५ लाख विनियोजन गरेको छु। सडकमा पर्ने जग्गाको लगत कट्टा गर्नको लागि रु २० लाख, भिमसेन थापा पार्क जाने बाटोको निर्माणको लागि ५० लाख विनियोजन गरेको छु। यस्तै तेह्र किलो नगरपालिका कार्यालय सडकलाई रु १५ लाख, कुवर गाउँ वेनी खोला सडकका लागि रु १० लाख विनियोजन गरेको छु। यस्तै नाइट भिजन हेलिप्याड निर्माणको लागि १३ लाख विनियोजन गरेको छु। सार्वजनिक जग्गा छानविनको गरी संरक्षण गर्नका लागि रु २० लाख विनियोजन गरेको छु। विभिन्न योजनाहरूको सम्भाव्यता अध्ययनको लागि रु २० लाख विनियोजन गरेको छु।

### खानेपानी तथा सरसफाइ

८९ आगामी दुई वर्षभित्र सबै नागरिकलाई आधारभूत खानेपानी सेवामा पहुँच सुनिश्चित गर्न **एक घर एक धारा** कार्यक्रमलाई अभियानको रूपमा अगाडि बढाइने छ। सम्भाव्य सबै उपाय र प्रविधिको उपयोग गरी खानेपानी योजनाहरू सञ्चालन गरी सबै बस्तीहरूमा पानीको पहुँच पुऱ्याउन बजेटको व्यवस्था गरेको छु।

९० चालु खानेपानी योजनाहरूको मर्मत सुधार तथा व्यवस्थापनको कार्यलाई अगाडि बढाइने छ। खानेपानीको वैज्ञानिक महसुल दर कायम गरी नगरपालिकाभित्र रहेका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थालाई आम उपभोक्ताको पहुँचमा ल्याउने व्यवस्था मिलाएको छु।

९१ सिम्ले खानेपानी रू १५ लाख, कर्णे खोला खानेपानी रु १० लाख, वोशीपानी खानेपानी रु १० लाख, तल्लो पुरूण्डी खानेपानी योजनाको लागि रु १० लाख, मान्द्रेढुङ्गा खानेपानी रु १० लाख, ताप्ले खोला अधिकारी डाँडा खानेपानी रू ३० लाख विनियोजन गरिएको छ।

९२ फोहर मैला व्यवस्थापनको लागि गोरखा नगरपालिकाको फोहर मैला व्यवस्थापन ऐन २०७५ पूर्ण कार्यान्वयनमा ल्याइने छ। स्रोतमा नै विविधीकरण गरी फोहरलाई मोहरमा परिणत गर्न सार्वजनिक र नीजि क्षेत्र सहकार्य गरिने छ। फोहर मैला व्यवस्थापनमा टोल विकास सस्थालाई सहयोगीको रूपमा परिचालन गरिने छ।

९३ फोहोर मैला व्यवस्थापनमा नगरपालिकाको स्रोत साधनलाई उचित र प्रभावकारी रूपमा परिचालन गरिने छ। यसको लागि रु २० लाख विनियोजन गरिएको छ।

**वन, वातावरण तथा विपद् व्यवस्थापन**

९४ नगरभित्र रहेका वनहरूको व्यवस्थापनलाई वैज्ञानिक बनाउदै यस क्षेत्रको उपयोग र सरक्षण दुबैलाई प्राथमिकता दिइने छ। वनको सरक्षण र उपयोगमा नगरपालिकाको भूमिमा स्थापित गरिने छ। बाझो पर्ति, नदी - खोला किनार र खस्केका जमिनमा वृक्षारोपण र वन विस्तारलाई प्रोत्साहित गरिने छ।

९५ स्थानीय वातावरण अनुकूलका उच्च मूल्यका वन पैदावारहरूको विस्तार मूल्य अभिवृद्धि र बजारीकरणलाई प्रोत्साहित गरिने छ। जैविक विविधताको सरक्षण तथा वातावरण सरक्षण र व्यवस्थापन भूक्षय नियन्त्रण र जलाधार तथा खोला नदी किनारा सरक्षण गरिने छ।

९६ सामुदायिक वन उपभोक्ता समितिलाई सामुदायिक वन क्षेत्रका खाली जग्गामा वृक्षारोपणका साथै फलफूल तथा अदुवा अम्रिसो हलेदो जस्ता नगदे बाली खेतिमा प्रोत्साहन गरिने छ।

९७ वन डढेलो, वन अतिक्रमण र काठलगायतका वन्य सम्पदाहरूकव अवैध ओसार पसारलाई नियन्त्रण गर्न पहल गरिनेछ।

९८ ढुङ्गा र गिट्ठी तथा बालुवाको अवैध र अवैज्ञानिक दोहनलाई नियन्त्रण गरी वातावरणीय प्रभाव मूल्याङ्कनका आधारमा दिगो उपयोग गर्ने व्यवस्था मिलाइने छ।

९९ विपद् व्यवस्थापनलाई एकिकृत रूपमा सञ्चालन गरिने छ। नगरपालिकामा आकस्मिक र आपतकालीन उद्धार र राहत सामाग्रीहरूको प्रभावकारी व्यवस्थापन गरिने छ। बिपद् जोखिम न्यूनिकरण सम्बन्धी कार्य योजना बनाई लागु गरिने छ।

१०० अत्यावश्यक दमकल सेवाको व्यवस्थापन गर्ने व्यवस्था मिलाएको छु। नगरभित्रका मुख्य सडकको नजिकै सबै वडाहरूमा कम्तिमा एक बहुउपयोगी पोखरीको निर्माण कार्य अगाडि बढाइने छ।

१०१ नगर क्षेत्रभित्रका सार्वजनिक जग्गाहरूको बढ्दो अतिक्रमणलाई नियन्त्रण गर्न सार्वजनिक जग्गाको अभिलेख र संरक्षण गरिने छ। अतिक्रमित सार्वजनिक जग्गाबाट अतिक्रमणकारीलाई हटाइने नीति लिइने छ।

१०२ नगरमा उत्सर्जित हुने फोहरको दीर्घकालीन व्यवस्थापनको लागि जैविक मल तथा वायोग्यास उत्पादन र ल्याण्ड फिल साइटको संमाव्यता अध्ययन गरिने छ।

१०३ वन, वातावरण क्षेत्रलाई रु ४० लाख र विपद् व्यवस्थापन कार्यक्रमका लागि रु २० लाख विनियोजन गरेको छु। ग्याविन जाली खरिदका लागि रु १० लाख, पाइप खरिदका लागि रु १० लाख विनियोजन गरो त्यसै गरी मर्मत सम्भार कार्यक्रमका लागि रू २० लाख विनियोजन गरेको छु।

**सुशासन र संस्थागत विकास**

१०४ सूचना प्रविधिमा भएको विकासलाई अनुसरण गरेर आगामी दिनमा नगरपालिकाले प्रदान गर्ने सेवाहरूलाई क्रमश विद्युतीय प्रणालीमा आवद्ध गरिने छ। सूचना प्रविधिको उपयोग, सफ्टवेयर र हार्डवेयरमा रु ४० लाख विनियोजन गरेको छु। गोरखा बजारको मुख्य क्षेत्रमा उपभोक्ताहरूसँगको साझेदारीमा सिसी टिभि जडान गर्नको लागि आवश्यक वजेटको व्यवस्था गरिएको छ।

१०५ न्यायमा सहज पहुँच सुनिश्चितताका लागि न्यायिक समितिलाई सक्रिय बनाउनुका साथै क्षमता विकासका कार्यक्रमहरू सञ्चालनमा ल्याइने छ। सबै वडाहरूमा मेल मिलाप केन्द्रको गठन गरी मेलमिलाप कर्ताको क्षमता विकास गरिने छ। सविधान प्रदत्त एकल अधिकार सूचीका क्षेत्रगत विषयका कानूनहरू आव २०७५/ ७६ भित्र निर्माण गरी कार्यान्वयनमा ल्याइने छ। यी कार्यहरूका लागि रु १० लाख विनियोजन गरेको छु।

१०६ सार्वजनिक सेवा प्रवाहलाई झन्जटमुक्त, सरल र छिटो छरितो गराउन सूचना प्रविधिको प्रयोगलाई बढावा दिइने छ। नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरू, सामुदायिक विद्यालयहरू र स्वास्थ्य चौकीहरूको व्यवस्थित सञ्चालनको लागि आवश्यक श्रोत साधन विनियोजन गरेको छु। सेवा प्रवाहको मापदण्ड स्पष्ट गरी कार्यान्वयन गरिने छ।

१०७ नगरपालिकाको वस्तुगत स्थिति झल्कने गरी स्थानीय तथ्याङ्कको व्यवस्थापन गरिने छ। गुणस्तरीय पूर्वाधारका लागि सामाजिक परिचालन अभियानलाई सबै विकास निर्माणका कार्यहरूमा अवलम्वन गरिने छ। सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण कार्यलाई अनिवार्य शर्तको रूपमा सबै योजना तथा कार्यक्रमहरूमा समावेश गरिने छ। नगर स्तरिय अनुगमन समिति गठन गरी नगरपालिका क्षेत्र भित्रका सम्पूर्ण गतिविधिहरूको अनुगमन कार्यलाई व्यवस्थित गरिने छ।

१०८ सबै वडा कार्यालयहरूमा र माध्यमिक विद्यालयहरूमा इन्टरनेट सेवालाई विस्तार गरिने छ। छापा र विद्युतीय सञ्चार सेवाको प्रवर्धन गरिने छ। नगरमा क्रियाशील संचारकर्मीहरूको क्षमता विकासका साथै सञ्चार केन्द्र निर्माणमा सहयोग गर्ने व्यवस्था मिलाएको छु। यसका लागि रु १० लाख विनियोजन गरेको छु। नागरिकहरूमा जनचेतना अभिवृत्ति तथा नगरपालिकाका गतिविधिको जानकारी गराउन स्थानीय संचार माध्यमहरूसङ्ग सहकार्य गर्ने व्यवस्था मिलाएको छु।

**बजेट कार्यान्वयन**

१०९ स्थानीय सरकार सञ्चालन ऐन र गोरखा नगरपालिकाको आर्थिक कार्यविधि नियमित गर्ने ऐन २०७४ मा भएको व्यवस्थानुसार श्रावणको सुरूदेखि नै बजेट कार्यान्वन गर्न अख्तियारी दिने व्यवस्था मिलाएको छु।

११० अख्तियारवाला सम्बन्धित शाखा प्रमुखलाई बजेट कार्यान्वयनको समग्र जिम्मेवार बनाइने छ।

१११ नगर स्तरीय ठूला आयोजनाहरूको नियमित नतिजामूलक अनुगमनको लागि नगरप्रमुखको सयोजकत्वमा आयोजना कार्यान्वयन निर्देशक समिति गठन गरिने छ। नगरसभाबाट स्वीकृत योजना कार्यान्वयनमा देखिने समस्या समाधान गर्न प्रमुख प्रशासकीय अधिकृतको सयोजकत्वमा विषयगत शाखा प्रमुखहरू रहेको समस्या समाधान सहजीकरण समिति गठन गरिने छ।

११२ सार्वजनिक क्षेत्रको विकास निर्माण तथा सेवा प्रवाहका लागि गठन भएका उपभोक्ता समितिलाई व्यवस्थित गरिने छ।

**अध्यक्ष ज्यू**

**नगर सभा सदस्य ज्यूहरू**

११३ अव म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरू कार्यान्वयनका लागि बजेट विनियोजन र श्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्दछु ।

११४ आगामी आर्थिक वर्षका लागि नीति तथा कार्यक्रम कार्यान्वयन गर्न रु ७९ करोड ९३ लाख ७२ हजार ४ सय ४७ विनियोजन गरेको छु । कूल विनियोजन मध्ये चालु तर्फ रू ८ करोड ७७ लाख अर्थात १०.९७ प्रतिशत र पूजीगत तथा कार्यक्रम तर्फ रू ७१ करोड १६ लाख ७२ हजार ४ सय ४७ रुपैया अर्थात ८९.०२ प्रतिशत रहेको छ ।

११५ आगामी आर्थक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने श्रोत मध्ये राजस्वबाट रू ४ करोड १२ लाख संघीय सरकारबाट प्राप्त हुने वित्तिय समानीकरण अनुदानबाट रू २४ करोड १४ लाख ८५ हजार राजस्व वाडफाडबाट रू ९ करोड १० लाख ४६ हजार, संघीय सरकारको सशर्त अनुदानबाट रु २७ करोड ५२ लाख र सामाजिक सुरक्षा कार्यक्रम अनुदान तर्फ रु ८ करोड १० लाख गरी जम्मा रु ६८ करोड ८७ लाख ३१ हजार, प्रदेश सरकारको वित्तिय समानीकरण अनुदानबाट रू १ करोड ३५ लाख ७३ हजार, राजस्व वाडफाडबाट रू ७४ लाख ६८ हजारबाट ४ सय ४७ गरी २ करोड १० लाख, ४१ हजार ४४७ रुपैया, सडक बोर्डबाट रु ६० लाख, नगर विकास कोषबाट ३ करोड गरी जम्मा ७८ करोड ६९ लाख ७२ हजार ४ सय ४७ रुपैया व्यहोर्दा रू १ करोड २४ लाख न्यून हुने छ । सो न्युन पूर्ति गर्न रू १ करोड २४ लाख संघीय सरकारबाट ऋण परिचालन गरी व्यहोरिने छ ।

**अध्यक्ष ज्यू**

**नगर सभाका सदस्य ज्यूहरू**

११६ अब म आगामी आर्थिक वर्ष २०७५/७६ को राजस्व परिचालन नीति र कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

११७ करदाता र आम नगरवासीले अपेक्षा गरेको आदर्श कर प्रणालीबाट प्रेरित भएर आगामी आर्थिक वर्षको राजस्व नीति तथा कार्यक्रमको उद्देश्यहरू निम्न प्रकार प्रस्तुत गर्दछु ।

- क सबै आर्थिक क्रियाकलापहरूलाई करको दायरामा ल्याई राजस्वको आधार फराकिलो बनाउने
- ख आर्थिक क्रियाकलापको विस्तारमा सहयोग पुग्ने गरी कर प्रणालीलाई लगानी मैत्री बनाइ उत्पादनमूलक उद्योग तथा व्यवसायको प्रवर्धन गर्ने ।
- ग करको सरचना र करका दरहरूमा समय सापेक्ष सुधार गरी कर प्रणालीलाई थप व्यवस्थित बनाउने ।
- घ राजस्व प्रशासनमा सुधार गरी करदातालाई दक्ष, व्यावसायिक, स्वच्छ एवम् सुदृढ कर प्रशासनको सुनिश्चित गर्ने ।
- ङ कर कानूनको पालनामा जोड दिदै कर छली तथा चुहावट नियन्त्रण गर्ने ।

११८ करदाता र कर प्रशासन दुबै पक्षलाई इमान्दारिता, पारदर्शिता, स्वच्छता र सदाचारिता कायम गर्न सम्भव सबै उपायहरूको अवलम्बन गरिने छ । राजस्व चुहावट गर्ने र कर कानूनको पालना नगर्ने उपर सून्य सहनशीलता अपनाइने छ । बिजक जारी नगर्ने प्रवृत्तिलाई नियन्त्रण गर्न सघन रूपमा बजार अनुगमन गरिने छ ।

११९ नगरपालिकालाई तिर्न बाकी करलाई कुनै पनि अवस्थामा छुट दिइने छैन ।

**अध्यक्ष ज्यू**

**नगर सभाका सदस्य ज्यूहरू**

१२० आर्थिक वर्ष २०७४/७५ को अनुमानित खर्च आर्थिक वर्ष २०७५/६७ को नगर स्तरीय विकास आयोजनाको सूची र विनियोजित रकमको विवरण अनुसूची १ मा उल्लेख गरेको छु ।

१२१ मैले प्रस्तुत गरेको बजेटको कार्यान्वयनबाट नगरवासी दिदीबहिनी तथा दाजुभाइका संविधान प्रदत्त मौलिक हक र अधिकार सुनिश्चित हुदै जाने र सार्वजनिक सेवाको प्रभावकारीता एवम् गुणस्तर अभिवृद्धि हुने विश्वास लिएको छु । सामाजिक र आर्थिक क्षेत्रमा सकारात्मक परिवर्तनको महसुस हुने विश्वास लिएको छु ।

**अध्यक्ष ज्यू**

१२२ यो बजेट तर्जुमा गर्दा मार्ग निर्देशन गर्नु हुने नगर प्रमुख ज्यू प्रति हार्दिक आभार प्रकट गर्दछु । बजेट तर्जुमा गर्दा मार्ग निर्देशन गर्नु हुने नगर कार्यपालिकाका सदस्यहरू, नगर सभाका सदस्यहरू, राजनीतिक दलका पदाधिकारीहरू र राष्ट्रसेवक कर्मचारीहरूबाट प्राप्त सुझाव, सहयोग र प्रेरणाप्रति आभार प्रकट गर्दछु । बजेटको सिद्दान्त र प्राथमिकतामा व्यापक छलफल गरी नगर कार्यपालिकाका सदस्यहरू र विषयगत समितिका पदाधिकारी र सदस्यहरूले दिनु भएको सुझावका लागि आभारी छु । त्यस्तै बजेट तर्जुमामा सुझाव दिनु हुने निजी क्षेत्र, सहकारी क्षेत्र र नागरिक समाज सम्बद्ध सबैप्रति आभारी छु । बजेट तर्जुमामा अहोरात्र खट्ने नगरपालिकाका राष्ट्रसेवक कर्मचारीहरूलाई धन्यवाद दिदै यो बजेट कार्यान्वयनमा पनि सबै पक्ष र क्षेत्रको उत्तिकै सक्रियता र सहयोगको अपेक्षा गरेको छु ।

**धन्यवाद**

**२०७५/३०./३१**